# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडा असोज ६-८ गते (September 23-25, 2011) संयुक्त राज्य अमेरिकाको वासिङ्गटनमा सम्पन्न अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकको सन् २०११ को संयुक्त वार्षिक बैठकमा भाग लिनु भई आज काठमाडौं फर्कनुभयो । यस क्रममा आयोजित विभिन्न बैठक तथा सेमिनारमा उहाँ सहभागी हुनुभयो ।

सेप्टेम्बर २१ मा कोषका प्रबन्ध निर्देशक श्री क्रिस्टिन लेगार्डको समुपस्थितिमा आयोजित Rebalancing Growth विषयक छलफलमा गभर्नर डा. खतिवडा सहभागी हुनुभयो । एसिया, ल्याटिन अमेरिका र क्यारेबियन मुलुकका केन्द्रीय बैंकका गभर्नरहरूको सहभागिता रहेको उक्त कार्यक्रममा अहिलेको असन्तुलित विकासको ढाँचालाई सन्तुलित पार्ने सन्दर्भमा छलफल भएको थियो । सहभागी मुलुकका केन्द्रीय बैंकहरूबीच सीप विकास, क्षमता विकास तथा तालिमको आदान प्रदान गर्ने विषयमा पनि कार्यक्रममा छलफल भएको थियो ।

सोही दिन आयोजित Commodity Price Volatility and Inclusive Growth in LICs विषयक सेमिनारमा पनि गभर्नर डा. खतिवडा सहभागी हुनुभयो । उक्त सेमिनारमा विश्व बजारमा भएको पेट्रोलियम पदार्थ, खाद्य पदार्थ, सुन जस्ता धातुजन्य वस्तुको मूल्य वृद्धिबाट कम आय भएका मुलुकहरूलाई पर्ने असरबारे छलफल भएको थियो । यस्ता वस्तुको मूल्य वृद्धिको असर कम गर्न तर्जुमा गर्नु पर्ने मौद्रिक नीतिका बारे पनि सेमिनारमा छलफल भएको थियो ।

बैठककै क्रममा सेप्टेम्बर २३ मा अर्थमन्त्री श्री वर्षमान पुन, गभर्नर डा. खतिवडा र अर्थसचिव श्री कृष्णहरि बास्कोटा सम्मिलित नेपाली प्रतिनिधि मण्डलले विश्व बैंकका दक्षिण पूर्वी एसिया हेर्ने उपाध्यक्षसँग भेट गर्‍यो । भेटघाट कार्यक्रममा विश्व बैंकले नेपाललाई पुर्‍याइरहेको आर्थिक सहयोगको समीक्षा गरियो । कार्यक्रममा विश्व बैंकका पदाधिकारीहरूले नेपालको वित्तीय स्थायित्व र नेपालस्थित विश्व बैंकको कार्यालय पुनस्थापित गर्ने नेपालको अनुरोधप्रति चासो व्यक्त गरेका थिए ।

सेप्टेम्बर २२ मा सम्पन्न कोषको Fiscal Affairs Department को बैंठकमा पनि गभर्नर डा. खतिवडा र अर्थसचिव श्री बास्कोटा सहभागी हुनुभयो । उक्त बैठकमा वित्तीय क्षेत्र सुधारका लागि कोषले दिँदै आएको प्राविधिक सहयोग (Technical Assistance) को आगामी सम्भाव्य क्षेत्रका बारेमा छलफल भएको थियो ।

वार्षिक बैठकको सिलसिलामा सेप्टेम्बर २५ मा सम्पन्न सार्कफाइनान्सका गभर्नरहरूको २३ औं बैठकमा गभर्नर डा. खतिवडा सहभागी हुनुभयो । उक्त बैठकले प्रत्येक वर्ष हुने सार्कफाइनान्स गभर्नर्स सिम्पोजियम आगामी वर्ष (सन् २०१२) नेपालमा आयोजना गर्ने निर्णय गर्‍यो । उक्त सिम्पोजियमको आयोजना नेपाल राष्ट्र बैंकले गर्ने छ ।

सेप्टेम्बर २५ मै सम्पन्न Monetary and Capital Market Department को बैंठकमा पनि गभर्नर डा. खतिवडा सहभागी हुनुभयो । उक्त बैठकमा नेपालको वित्तीय क्षेत्र स्थायित्वका लागि कोषले पुऱ्याइरहेको प्राविधिक सहयोगको समीक्षा गरिनुका साथै आगामी दिनमा कोषले गर्न सक्ने सहयोगका सम्बन्धमा छलफल भएको थियो ।

सोही दिन नेपाली प्रतिनिधि मण्डलले कोषका एसिया प्यासिफिक विभागका प्रमुख श्री अनुप सिंहसँग कोषले नेपाललाई पुऱ्याएको सहयोग सम्बन्धमा छलफल गऱ्यो । सो अवसरमा अब नेपालले प्रवेश गर्ने कार्यक्रम, तालिम सम्बन्धी प्राविधिक सहयोग (TA) कार्यक्रममा कोषले पुऱ्याउने सहयोग र नेपालले निर्वाह गर्ने भूमिकाका बारे छलफल भएको थियो । सोही दिन दक्षिण-पूर्वी एसिया भोटिङ ग्रुपको बैठक सम्पन्न भयो । उक्त बैठकमा वित्तीय स्थायित्वमा देखिएका चुनौतीहरू, सन्तुलित विकासका लागि चाल्नु पर्ने कदमहरू र ठूला औद्योगिक राष्ट्रहरूमा देखिएको आर्थिक समस्याबाट विकासोन्मुख देशहरू प्रभावित हुन नहुनेमा छलफल भएको थियो ।

संयुक्त वार्षिक बैठक पश्चात् कोषले सेप्टेम्बर २६ मा आयोजना गरेको Tackling the Crisis and Building Institutions for the Future विषयक सेमिनारको दोस्रो सत्रको अध्यक्षता गभर्नर डा. खतिवडाले गर्नुभयो । Building Institutions for the Future विषयक सो सत्रमा उहाँले वित्तीय संकट आउन नदिन बलियो कानूनी र नियमनकारी व्यवस्थासहितको संस्थागत व्यवस्था आवश्यक पर्ने बताउनुभयो । यसका लागि केन्द्रीय बैंक लगायतका नियमनकारी निकायको क्षमता बढाउनु पर्ने, सरोकारवाला निकायको परामर्श समावेश गरी वित्तीय प्रणाली सम्बन्धी कानुन तर्जुमा गर्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो । साथै, अन्तर्राष्ट्रिय ज्ञान तथा सीपको आदान प्रदान जारी राख्नु पर्ने जोड दिँदै उहाँले यूरोप र अमेरिकामा देखिएको वित्तीय संकटतर्फ बढी ध्यान केन्द्रीत गर्दा विकासोन्मुख मुलुकहरूले पाइरहेको सहयोग कम हुन नहुनेमा पनि जोड दिनुभयो । त्यसै गरी कोषको प्राविधिक सहयोग अन्य दातृ निकायको प्राविधिक सहयोगसँग समन्वय गरेर कार्यान्वयनमा लैजान सके बढी प्रभावकारी हुने विचार उहाँले व्यक्त गर्नुभयो ।

यसै गरी नेपाली प्रतिनिधि मण्डलले अमेरिकी ट्रेजरी डिपार्टमेन्टका पदाधिकारीहरूसँग नेपालको वित्तीय प्रणालीका चुनौतीहरूका बारेमा छलफल गर्ने अवसर प्राप्त गरेको थियो । सो छलफलमा ट्रेजरी डिपार्टमेण्टका पदाधिकारीहरूले नेपाललाई आवश्यक प्राविधिक सहयोग गर्न तयार रहेको बताउनुभएको थियो ।

संयुक्त बैठकमा भाग लिन गभर्नर डा. खतिवडाका साथ अनुसन्धान विभागका कायममुकायम कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठ पनि जानुभएको थियो ।

मिति : २०६८ असोज १२ गते

गभर्नरको कार्यालय